# रुरुक्षेत्र गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः १०　　संख्याः २　　मिति :२०८२-०३-०९ (अतिरिक्तांक)**

भाग-२

रुरुक्षेत्र गाउँपालिका

गुल्मी, लुम्बिनी प्रदेश

## बैक ऋणबाट खेती गर्ने किसानलाई ब्याजमा सहुलियत सम्बन्धी कार्यविधि- २०८२

सम्बत २०८२ को कार्यविधी नं. १　　कार्यपालिकाबाट पारित मिति : २०८२-०३-०९

# बैक ऋणबाट खेती गर्ने किसानलाई ब्याजमा सहुलियत सम्बन्धी कार्यविधि- २०८२

**कार्यपालिकाबाट पारित मिती:२०८२-०३-०९**

**प्रस्तावना:**

रुरुक्षेत्र गाउँपालिका मध्ये पहाडी क्षेत्रको समुन्द्री सतहबाट ५०० मि. देखि १६६८ मि. सम्मको उचाईमा अवस्थित छ। कृषिको समग्र ब्यवसायिकरणका लागि उपयुक्त हावापानी र बातावरण रहेको यो ठाउँमा युवा कृषकहरुलाई आकर्षण गर्न र कृषिमा लगानीको सुनिश्चितता साथै कृषकहरुलाई प्रोत्साहन गर्ने, कृषिको ब्यवसायिकरण गर्ने तथा आम्दानी बृद्धि गर्ने, उद्देश्यका साथ बैक ऋणबाट खेति गर्ने किसानलाई ब्याजमा सहुलियत सम्बन्धी कार्यविधि बनाउन बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम रुरुक्षेत्र गाउँपालिकाले यस कार्यविधी बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क. यो कार्यविधिको नाम "**बैक ऋणबाट खेति गर्ने किसानलाई ब्याजमा सहुलियत सम्बन्धी कार्यविधि, २०८२**" रहेको छ ।

ख. यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२.परिभाषाः

क.**गाउँपालिका** भन्नाले रुरुक्षेत्र गाउँपालिका सम्झनु पर्दछ 1

ख.**कार्यपालिका** भन्नाले रुरुक्षेत्र गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

ग. **अध्यक्ष** भन्नाले रुरुक्षेत्र गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

घ. **उपाध्यक्ष** भन्नाले रुरुक्षेत्र गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ङ. **वडा** भन्नाले रुरुक्षेत्र गाउँपालिकाको वडा कार्यालय सम्झनु पर्दछ ।

च. **वडा अध्यक्ष** भन्नाले रुरुक्षेत्र गाउँपालिकाका वडा कार्यालयका अध्यक्ष सम्झनु पर्दछ।

छ. **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले रुरुक्षेत्र गाउँपालिकाको प्रमुख प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ज. **अनुदान** भन्नाले यस कार्यविधि अन्तर्गत दिईने अनुदान सम्झनुपर्दछ ।

झ.**बैंक** भन्नाले कृषि ऋण प्रवाह गर्ने तोकिएको बैंक सम्झनु पर्दछ ।

ञ. **अनुगमन समिति** भन्नाले ऋण लिने कृषकको कामको अनुगमन गर्ने समिति सम्झनु पर्दछ।

## परिच्छेद-२

## सहुलियत प्रदान गरिने क्षेत्रहरु

३. ऋणको ब्याज सहुलियत प्रदान गरिने क्षेत्रहरुः

गाउँपालिकाले देहायका क्षेत्रमा काम गरिरहेका फर्महरुलाई ऋणको ब्याजमा अनुदान प्रदान गर्नेछ।

अ. कृषि तर्फः

क. तरकारी खेती

ख. विरुवा उत्पादन नर्सरी

ग. फूल खेती

घ. मौरीपालन

ङ. बीउ उत्पादन तथा वीउ भण्डार

आ. पशुपंक्षी तर्फः

क. पक्षीपालन

ख. पशुपालन

ग. माछापालन

घ. घाँस खेती र घाँसको वीउ उत्पादन

## परिच्छेद-३

## कार्यक्रमको लागि मापदण्डहरु

**४. ऋणको ब्याज सहुलियत कार्यक्रममा समावेश हुने मापदण्डहरुः**

दफा (३) मा उल्लेखित क्षेत्रहरु मध्ये कुनै क्षेत्रमा ब्याज सहुलियतका लागि समावेश गर्न देहायका आधारहरु हुनेछ।

क) कृषि फर्म गाउँपालिकामा नियमानुसार दर्ता भई नवीकरण भएको हुनुपर्ने।

ख) ब्याज सहुलियत प्राप्त गर्नको लागि कृषि फर्म कम्तीमा एक बर्ष अगाडीदेखि दर्ता भई संचालनमा रहेको हुनुपर्ने।

ग) ब्यवसाय संचालन गर्न ब्यावसायको प्रकृति अनुसार आवश्यक न्यूनतम पूर्वाधार भएको हुनुपर्ने।

घ) कार्यक्रममा सहभागी हुने ब्यवसायीले सोही प्रकृतीको ब्याज अनुदान कार्यक्रममा यस अघि सहभागी नभएको स्वघोषणा गर्नुपर्ने। पहिला नै ब्याज अनुदान प्राप्त गरीरहेको रकममा कृषि तथा पशुपक्षीं ब्यवसाय तथा उद्यमीलाई ब्याज सहुलियत पाउने छैनन्।

ङ) कृषि उद्यमी प्रचलित कानून बमोजिम अयोग्य नभएको हुनुपर्ने।

## परिच्छेद- ४

## सहुलियत सम्बन्धी ब्यवस्था

**५. कृषि ऋणको ब्याज सहुलियत सम्बन्धी ब्यवस्था**

क) कृषि ऋणको ब्याज सहुलियत कार्यक्रममा गाउँसभाको निर्णय अनुसार आवश्यक बजेटको ब्यवस्था गरी सोही शिर्षकबाट ऋणको ब्याज सहुलियत रकम भुक्तानी हुनेछ।

ख) कृषि ऋणको ब्याज सहुलियत प्रदान गर्नको लागि अनुगमन समितिको अनुगमन प्रतिवेदनको आधारमा बढीमा ५०% ब्याज रकम सहुलियत प्रदान गरिनेछ।

ग) जुन प्रयोजनको लागि ऋण लिएको हो सोही प्रयोजनमा लगानी नगरेको उद्यमीलाई ब्याज अनुदान गाउँपालिकाबाट उपलब्ध गराईने छैन्।

घ) नियमित रुपमा किस्ता तिरेको उद्यमीलाई मात्र ब्याज अनुदान रकम उपलब्ध गराइने छ।

## परिच्छेद- ५

## कार्यक्रम संचालन प्रक्रिया

**६. कार्यक्रम संचालन प्रक्रिया**

क) गाउँपालिकाले यस कार्यविधी स्वीकृत भए पछि कृषि ऋणको ब्याज सहुलियत कार्यक्रम सम्बन्धी १५ दिने सार्वजनिक सूचना जारी गर्नेछ।

ख) उपदफा (क) बमोजिमको सूचना गाउँपालिकाको वेभसाइट तथा फेसबुकमा समेत राखिनेछ।

ग) सूचना प्रकाशित पछि कृषि ऋण लिई खेति गरेका कृषकहरुबाट कृषि ऋणको लगानीको विवरण सम्बन्धी कागजात सहित सहुलियतको लागि गाउँपालिका तथा वडा कार्यालयमा निवेदन पेश गर्न सक्नेछन्।

घ) कृषि ऋण लिई खेती गरिरहेका कृषकहरुले कृषि ऋण लिएको सम्बन्धीत बैंकबाट चालु आ.व. मा हालसम्म किस्ता रकम तिरेको विवरण सहित निजले तिरेको ब्याजको विवरण सहितको पत्र समेत पेश गर्नुपर्नेछ।

ङ) प्राप्त निवेदनहरु अनुगमन समितिले अनुगमन गरी अनुगमन प्रतिवेदन कार्यपालिकामा पेश गर्नेछ।

च) कार्यपालिकाले अनुगमन प्रतिवेदनको आधारमा ब्याज सहुलियत रकम स्वीकृत गर्नेछ।

छ) कार्यपालिकाले स्वीकृत गरेको ब्याज सहुलियत रकम सम्बन्धीत कृषकको खातामा भुक्तानी गरिनेछ।

## परिच्छेद- ६

## समितिको गठन, काम कर्तब्य र अधिकार

**७. अनुगमन समिति गठन तथा काम, कर्तब्य तथा अधिकार**

१) कृषि ऋण लिई खेती गरिरहेका किसानलाई ब्याजमा सहुलियत कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन समिति रहनेछ।

अनुगमन समिति देहाय बमोजिम हुनेछ।

क) गाउँपालिका उपाध्यक्षः -संयोजक

ख) प्रमुख प्रसासकीय अधिकृतः -सदस्य

ग) सम्बन्धीत वडाको वडाध्यक्षः -सदस्य

घ) पशु शाखा प्रमुखः -सदस्य

ङ) आर्थिक प्रशासन शाखा प्रमुखः -सदस्य

च) कृषि शाखा प्रमुखः -सदस्य सचिव

अनुगमन समितिमा आवश्यक्ता बमोजिम आमन्त्रीत सदस्य राख्न सकिनेछ।

२) अनुगमन समितिको काम, कर्तब्य र अधिकारः

क) कृषि ऋणको सहुलियतको लागि निवेदन पेश गरेका निवेदकको ऋणको लगानी सम्बन्धीत प्रयोजनमा खर्च भएको वा नभएको एकिन गर्न फिल्ड निरिक्षण गर्ने।

ख) निवेदकको फर्म निरिक्षण गरी अनुगमन प्रतिवेदन तयार गर्ने।

ग) अनुगमन प्रतिवेदनको आधारमा एकमुष्ट सहुलियत स्वीकृतीको लागि कार्यपालिकामा सिफँरिस गर्ने।

## परिच्छेद-७

## बिबिध

**८. सहयोग गर्नुपर्नेः** यस कार्यविधी बमोजिम कृषि ऋणमा ब्याज सहुलियत कार्यक्रममा आवश्यक सहयोग गर्ने सम्बन्धीत सबैको कर्तब्य हुनेछ।

**९. कार्यविधी संशोधन गर्न सक्नेः** गाउँकार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधी संशोधन गर्न सक्नेछ।

**१०. बाधा अड्काउ फुकाउनेः** गाउँकार्यपालिकाले यस कार्यविधी कार्यान्वयनमा कुनै बाधा आइपरेमा बाधा अड्चना फुकाउन सक्नेछ।

११. यस कार्यविधीमा लेखिएका कुराहरुमा यसै बमोजिम र अन्य प्रचलित कानून बमोजिम हुनेछन्।

प्रमाणित मिति :
आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत